विधेयक संख्या :-

# सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने विधेयक, २०६७

व्यवस्थापिका-संसद सचिवालय
सिंहदरवार, काठमाडौं

## उद्देश्य र कारण

आगामी आर्थिक वर्ष २०६७/०६८ को राजस्व र व्ययको अनुमान व्यवस्थापिका-संसद समक्ष पेश हुन नसक्ने विशेष परिस्थिति उत्पन्न भएकोले आर्थिक वर्ष २०६७/०६८ मा संचालन गरिने सेवा र कार्यहरुको लागि आर्थिक वर्ष २०६६/०६७ को कुल व्यय रकमको एक तृतीयांश सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकार नेपाल सरकारलाई प्रदान गर्न वाञ्छनीय देखिएकाले यो विधेयक पेश गर्नु परेको हो ।

**दृष्टव्यः-** यो विधेयक अर्थ विधेयक हो ।

(सुरेन्द्र पाण्डे)
अर्थ मन्त्री

# आर्थिक वर्ष २०६७/०६८ मा संचालन गरिने सेवा र कार्यको लागि आर्थिक वर्ष २०६६/०६७ को कुल व्यय रकमको एक तृतीयांश सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** :आर्थिक वर्ष २०६७/०६८ को लागि राजस्व र व्ययको अनुमान व्यवस्थापिका-संसद समक्ष पेश हुन नसक्ने विशेष परिस्थिति उत्पन्न भई आर्थिक वर्ष २०६७/०६८ मा संचालन गरिने सेवा र कार्यहरुको लागि आर्थिक वर्ष २०६६/०६७ को कुल व्यय रकमको एक तृतीयांश सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकार नेपाल सरकारलाई प्रदान गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधानसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने ऐन, २०६७" रहेको छ ।

(२) यो ऐन सम्वत् २०६७ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०६७/०६८ को निमित्त सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०६७/०६८ को निमित्त सञ्चित कोष माथि व्ययभार हुने रकम अनुसूची-१ बमोजिम हुनेछ ।

(२) अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त सोही अनुसूचीको महल ४ को चालू खर्च र महल ५ को पूँजीगत खर्च समेत गरी महल ६ मा उल्लिखित जम्मा रु.७८,८१,३६,६७,०००।- (अक्षरेपी अठहत्तर अर्व एकासी करोड छत्तीस लाख सत्तसठ्ठी हजार रुपैयाँ) सम्मको रकम निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट झिक्न र खर्च गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको सीमाभित्र रही कुनै निकाय, मन्त्रालय तथा सचिवालयले आर्थिक वर्ष २०६६/०६७ मा गरेको यथार्थ खर्चको एक तृतीयांशमा नबढ्ने गरी निकासा लिन र खर्च गर्न सक्नेछ ।

३. **खर्च सम्बन्धी व्यवस्था** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट पेश्की स्वरुप खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६७/०६८ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले आर्थिक वर्ष २०६६/०६७ मा संचालन गरेका सेवा र कार्यहरुलाई निरन्तरता दिनका लागि खर्च गर्न सक्नेछ ।

(२) यस ऐनद्वारा खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६६/०६७ मा जुन-जुन बजेट उप-शीर्षकहरुबाट खर्च भएको हो सोही उप-शीर्षकहरुबाट खर्च गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा

सचिवालयले वैदेशिक सहायताको सम्झौता अनुरुप सञ्चालन गर्नु पर्ने नयाँ कार्य र आयोजनामा खर्च गर्न बाधा पर्ने छैन ।

(४) अनुसूची-१ र २ मा उल्लिखित अनुदान संख्या ९५ मा खर्च गर्न अधिकार दिइएको रकमबाट अन्य कुनै पनि अनुदान संख्या अन्तर्गतको बजेट  उप-शीर्षकमा आवश्यक रकम सार्न वा निकासा र खर्च गर्न सकिनेछ ।

४. <u>अख्तियारी सम्बन्धी व्यवस्थाः</u> (१) प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत निकासा दिइने रकमको सम्बन्धमा अर्थ मन्त्रालयले सम्बन्धित निकाय, मन्त्रालय तथा सचिवालयलाई रकम खुलेको विवरण र बजेट खर्च गर्ने वा गराउने अख्तियारी दिनेछ ।

(२) उपदफा (१) बमोजिम अख्तियारी प्राप्त भएपछि सम्बन्धित निकाय, मन्त्रालय तथा सचिवालयले यस ऐन र प्रचलित कानूनको अधीनमा रही त्यस्तो रकम खर्च गर्नु पर्नेछ ।

५. <u>स्थानीय निकायलाई दिइने निशर्त अनुदान सम्बन्धी व्यवस्था</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई दिइने निशर्त अनुदानका लागि आर्थिक वर्ष २०६६/०६७ को यथार्थ खर्चको एक तृतीयांश रकममा नबढ्ने गरी अर्थ मन्त्रालयले सम्बन्धित स्थानीय निकायलाई निकासाको अख्तियारी दिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकमबाट भएको खर्चको अनुगमन तथा केन्द्रीय लेखा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम

सञ्चित कोषमाथि व्ययभार हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु.हजारमा) |
|---|---|---|---|
| १ | ११ | राष्ट्रपति | ४४,८६ |
| २ | १२ | उपराष्ट्रपति | ३६,१३ |
| ३ | १३ | संविधानसभा/व्यवस्थापिका-संसद | ६४,३९ |
| ४ | १४ | अदालत | १४,०८,४९ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८,५१,७० |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | १६,००,३८ |
| ७ | १७ | लोक सेवा आयोग | १५,०२,४० |
| ८ | १८ | निर्वाचन आयोग | १५,३१,७६ |
| ९ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ८,७९,०८ |
| १० | ८१ | अर्थ मन्त्रालय - आन्तरिक ऋण भुक्तानी | १५,११,०८,०६ |
| ११ | ८२ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | १२,२२,६९,२० |
| १२ | ८३ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ३,२२,३९,६८ |
| १३ | ९५ | अर्थ मन्त्रालय - विविध | ५,००,०० |
| **जम्मा** | | | **३१,४०,३६,१३** |

अनुसूची - २

(दफा २ र ३ सँग सम्बन्धित)

<u>सञ्चित कोषबाट खर्च हुने रकम</u>

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्चतर्फको संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) | पूंजीगत खर्चतर्फको संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) | जम्मा संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) |
| १ | ११ | राष्ट्रपति | १,९०,०० | ३,२७,३४ | ५,१७,३४ |
| २ | १२ | उपराष्ट्रपति | ४४,८७ | १७,१० | ६१,९७ |
| ३ | १३ | संविधानसभा/ व्यवस्थापिका-संसद | २५,४२,४९ | १३,३३ | २५,५५,८२ |
| ४ | १४ | अदालत | ३१,३३,१२ | ११,७९,५८ | ४३,१२,७० |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ४६,६७ | ९,६७ | ५६,३४ |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | ३२,५३ | २४,७७ | ५७,३० |
| ७ | १७ | लोक सेवा आयोग | २६,६७ | ६६,५८ | ९३,२५ |
| ८ | १८ | निर्वाचन आयोग | १,३३,३३ | ४२,८३ | १,७६,१६ |
| ९ | १९ | महान्यायाधिवक्ताको कार्यालय | २,५८,४४ | १,२६,०८ | ३,८४,५२ |
| १० | २० | न्याय परिषद् | २८,०० | २,५७ | ३०,५७ |
| ११ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ० | १२,६७ | १२,६७ |
| १२ | २५ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १२,०४,५४ | ८९,९१,१५ | १,०१,९५,६९ |
| १३ | २६ | उप-प्रधानमन्त्रीको कार्यालय | ५,०७ | ० | ५,०७ |
| १४ | २७ | राष्ट्रिय सतर्कता केन्द्र | १,२४,५२ | २,०० | १,२६,५२ |
| १५ | ३५ | अर्थ मन्त्रालय | ६८,०८,२५ | ८१,५४,६३ | १,४९,६२,८८ |
| १६ | ३७ | ऊर्जा मन्त्रालय | ३,०६,६५ | १८,२३,२४ | २१,२९,८९ |
| १७ | ३८ | उद्योग मन्त्रालय | २४,२०,०९ | २३,६३,५७ | ४७,८३,६६ |
| १८ | ३९ | कानून तथा न्याय मन्त्रालय | १,४८,१२ | ३,८७ | १,५१,९९ |
| १९ | ४० | कृषि तथा सहकारी मन्त्रालय | २,३८,१७,३३ | २७,८६,९६ | २,६६,०४,२९ |
| २० | ४५ | गृह मन्त्रालय | ६,०९,०३,०३ | ३७,८५,२७ | ६,४६,८८,३० |

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| २१ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ५८,५४,११ | ८,३५,१९,७० | ८,९३,७३,८१ |
| २२ | ४९ | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६,७७,९६ | ८,७०,०० | १५,४७,९६ |
| २३ | ५० | परराष्ट्र मन्त्रालय | ५३,१४,३० | ४,४९,५० | ५७,६३,८० |
| २४ | ५१ | विज्ञान तथा प्रविधि मन्त्रालय | ४,७८,४७ | ७,३२,१७ | १२,१०,६४ |
| २५ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ४४,२७,०० | ८,५३,०३ | ५२,८०,०३ |
| २६ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | २४,६०,७५ | ७,३३,०१ | ३१,९३,७६ |
| २७ | ५७ | युवा तथा खेलकूद मन्त्रालय | १३,७३,०१ | २०,०० | १३,९३,०१ |
| २८ | ५८ | रक्षा मन्त्रालय | ५,५२,७३,८७ | ३२,७७,९६ | ५,८५,५१,८३ |
| २९ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | १,०७,१८,९६ | २२,०२,५२ | १,२९,२१,४८ |
| ३० | ६० | वाणिज्य तथा आपूर्ति मन्त्रालय | १७,९५,४४ | १६,१८,२० | ३४,१३,६४ |
| ३१ | ६१ | वातावरण मन्त्रालय | ६,३३,२८ | ६३,६७,३१ | ७०,००,५९ |
| ३२ | ६२ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | १,३४,५१,८५ | १,३५,१९,७१ | २,६९,७१,५६ |
| ३३ | ६३ | संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय | १२,५३,६८ | १६,०६,१० | २८,५९,७८ |
| ३४ | ६५ | शिक्षा मन्त्रालय | १३,८६,६०,८२ | १,३८,४३,०१ | १५,२५,०३,८३ |
| ३५ | ६६ | सामान्य प्रशासन मन्त्रालय | ११,१२,२१ | २,८५,०७ | १३,९७,२८ |
| ३६ | ६७ | सूचना तथा सञ्चार मन्त्रालय | ६८,०३,०५ | ७,४७,८० | ७५,५०,८५ |
| ३७ | ६८ | सिंचाई मन्त्रालय | २५,५०,०७ | २,२४,८९,९२ | २,५०,३९,९९ |
| ३८ | ६९ | स्थानीय विकास मन्त्रालय | ४,०५,९८,४० | ६,१५,५७,८४ | १०,२१,५६,२४ |

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| ३९ | ७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५,१२,१०,६४ | ३९,०५,४१ | ५,५१,१६,०५ |
| ४० | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ११,४०,६८ | ६३,०९ | १२,०३,७७ |
| ४१ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | १८,२४,७३ | ५८,४४ | १८,८३,१७ |
| ४२ | ८६ | अर्थ मन्त्रालय - लगानी वैदेशिक संस्थाहरु | ० | ३,३३,३३ | ३,३३,३३ |
| ४३ | ८७ | अर्थ मन्त्रालय - लगानी सार्वजनिक संस्थान | ० | ३,७१,५०,०१ | ३,७१,५०,०१ |
| ४४ | ९० | अर्थ मन्त्रालय-सेवानिवृत्त सुविधा तथा कर्मचारी सुविधा | ४,४५,३३,३३ | ० | ४,४५,३३,३३ |
| ४५ | ९५ | अर्थ मन्त्रालय - विविध | २८,५०,०० | ५०,३०,०० | ७८,८०,०० |
| **जम्मा** | | | **४९,७१,७०,३३** | **२९,०९,६६,३४** | **७८,८१,३६,६७** |